राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २८२ २०८३ जेठ २ गते शनिवार (16 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## संविधान संशोधन बहसमा जेन्जीलाई सहभागिताको आह्वान



दैनिक समाचारदाता
काठमाडौँ, १ जेठ । संविधान संशोधनका लागि बहसपत्र तयार गर्न गठित कार्यदलले जेन्जी प्रतिनिधिहरूसँग आज गर्न लागेको छलफलका विषयमा देखिएका केही अन्योल चिर्दै सकारात्मक संवादका लागि आह्वान गरेको छ।

कार्यदलका संयोजक असिम शाहले सबै सरोकारवालाको सुझाव समेटेर बहसपत्रलाई पूर्णता दिनु नै कार्यदलको मुख्य ध्येय रहेको र सोहीअनुरूप जेन्जीहरूलाई पनि छलफलका लागि आमन्त्रण गरिएको स्पष्ट पार्नुभएको छ।

आज साँझ ५ बजे तय गरिएको छलफलका सन्दर्भमा केही जेन्जी प्रतिनिधिहरूले अघिल्लो सरकारसँग भएका सहमतिको विषयलाई लिएर असन्तुष्टि र बहिष्कारका कुरा उठाएपछि संयोजक शाहले त्यसको वास्तविकता प्रष्ट पार्नुभयो।

उहाँका अनुसार अघिल्लो सरकारसँग भएका सहमतिहरू कार्यान्वयनकै चरणमा छन् र जेन्जी परिषद् निर्माणको कार्य पनि अन्तिम चरणमा पुगेको छ।

उहाँले यो कार्यदलले आयोजना गरेको छलफल संविधान संशोधनका लागि सुझाव सङ्कलन गर्ने विशेष र फरक उद्देश्यका लागि भएकाले यसलाई अन्य विषयसँग नमिसाउन आग्रह गर्नुभएको छ।

कार्यदलले जेन्जीहरूबाट मौखिक र लिखित दुवै माध्यमबाट सुझाव लिने गरी समय व्यवस्थापन गरेको छ। बोल्नका लागि समय कम दिइएको भन्ने जस्ता केही भ्रमपूर्ण प्रचारहरू भइरहेको प्रति सङ्केत गर्दै संयोजक शाहले कसैका आवाजलाई पनि नजरअन्दाज नगरिने विश्वास दिलाउनुभयो।

उहाँले कुनै पनि राजनीतिक विवाद वा भ्रमको पछि नलागी आफ्नो अधिकार र दायित्व सम्झेर छलफलमा सहभागी हुन निमन्त्रित सबै जेन्जीहरूलाई अनुरोध गर्नुभएको छ।

कार्यदलले गत चैत २५ गतेदेखि सरोकारवालासँग छलफल सुरु गरेको थियो। यस क्रममा हालसम्म संविधानविद्, पूर्वप्रशासक र सञ्चार क्षेत्रका विज्ञहरूसँग परामर्श गरिसकिएको छ भने आगामी दिनमा अन्य सरोकारवालासँग पनि छलफल गर्ने कार्यक्रम रहेको छ।

शासकीय स्वरूप, निर्वाचन प्रणाली र सङ्घीयताजस्ता महत्त्वपूर्ण विषयमा सबैको साझा धारणा बनाउन सरकारको १०० बुँदे कार्यसूची अनुसार यो प्रक्रिया अघि बढाइएको हो।

विभिन्न राजनीतिक दलका प्रतिनिधिहरू सम्मिलित यस कार्यदलले संविधानमा सबै वर्ग र समुदायको अपनत्व सुनिश्चित गर्न जेन्जीहरूको अर्थपूर्ण सहभागिता हुनुपर्नेमा जोड दिएको छ।

# एसईईमा मिट स्कूलका विद्यार्थी धनुषामै टप, विद्यालयद्वारा सम्मान

## ४ जना ४.० जीपीए, ५७ जना ए प्लस, ३९ जनाले ए र २३ जनाले बी प्लस ग्रेड प्राप्त

दैनिक समाचारदाता
जनकपुरधाम, १ जेठ । माध्यमिक शिक्षा परीक्षा (एसईई) २०८२ मा जनकपुरधामस्थित मिथिला इन्स्टिच्यूट अफ टेक्नोलोजी (मिट) स्कूलका विद्यार्थीहरूले धनुषा जिल्लामै उत्कृष्ट नतिजा हासिल गरेका छन् । उत्कृष्ट जीपीए ल्याउने विद्यार्थीलाई विद्यालयले बिहीबार एक समारोहबीच सम्मान गरेको छ ।

विद्यालयका अनुसार यस वर्ष एसईईमा १२३ जना विद्यार्थी सहभागी भएका थिए । तीमध्ये चार जना विद्यार्थीले ४.० जीपीए प्राप्त गरेका छन् । ४.० जीपीए हासिल गर्ने विद्यार्थीहरू अंकिता साह, सबिना शर्मा, संजना कुमारी भण्डारी र सृष्टि मण्डललाई विद्यालयले फूलमाला तथा दोसल्ला ओढाएर सम्मान गरेको हो । त्यसैगरी, ५७ जना विद्यार्थीले ए प्लस, ३९ जनाले ए र २३ जनाले बी प्लस ग्रेड प्राप्त गरेका छन् ।

विद्यालयले आधुनिक शिक्षा प्रणाली, प्रविधिमैत्री अध्यापन र अनुशासित शैक्षिक वातावरणका कारण हरेक वर्ष उत्कृष्ट नतिजा हासिल गर्दै आएको अभिभावकहरूको भनाइ छ ।

सम्मानित भएका विद्यार्थी संजना कुमारी भण्डारीले विद्यालयको अनुशासन, प्रभावकारी शिक्षा प्रणाली तथा दक्ष शिक्षककै कारण आफू ४.० जीपीए ल्याउन सफल भएको बताइन् । उनले भनिन्, "यस विद्यालयको शिक्षा प्रणालीबाट मधेश प्रदेशले सिक्नुपर्ने धेरै कुरा छन् । अन्य विद्यालयमा पनि यस्तै गुणस्तरीय पठनपाठन होस् भन्ने हाम्रो चाहना छ ।"

विद्यालयका प्रिन्सिपल तथा सञ्चालक मनोज साहले समयअनुसार विद्यालयको पठनपाठन प्रणालीमा निरन्तर सुधार गर्दै शिक्षालाई प्राथमिकतामा राखिएको बताए । उनले स्थापना कालदेखि नै विद्यालय तथा क्याम्पसले शिक्षा क्षेत्रमा छुट्टै




पहिचान बनाउँदै आएको उल्लेख गरे ।उनले भने, "हालसम्म प्राप्त तथ्यांकअनुसार मिट स्कूलका विद्यार्थी धनुषामै उत्कृष्ट नतिजासहित अगाडि रहेका छन् ।" उनले शिक्षा समाज मात्र नभई राष्ट्रकै मेरुदण्ड भएको उल्लेख गर्दै विद्यालयलाई सफल बनाउन अभिभावक र समाजको महत्वपूर्ण योगदान रहेको बताए ।

जनकपुरधाममा शिक्षा क्षेत्रमा आफ्नो अलग पहिचान बनाएको मिट स्कूलले गुणस्तरीय शिक्षा र प्रविधिमैत्री सिकाइमार्फत विद्यार्थीको भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको शिक्षकहरूको भनाइ छ ।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा (एसईई) नतिजामा मधेश प्रदेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थी मध्ये ४४ हजार ५९२ विद्यार्थी मात्र ग्रेडेड भएका छन् भने ३१ हजार ७२५ विद्यार्थी नन( ग्रेडेड भएका हुन् ।

यस वर्ष देशभर ६५.९८ प्रतिशत विद्यार्थी ग्रेडेड भएका छन्, जुन गत वर्षको तुलनामा ४.१७ प्रतिशतले बढी हो ।

## सुर्तीजन्य धूम्रपान छोडौं, स्वस्थ जीवनशैली अपनाऔं ।

- धूम्रपानले क्यान्सर, मुटुरोग र श्वासप्रश्वाससम्बन्धी समस्याहरू निम्त्याउँछ,
- धूम्रपान स्वास्थ्यका लागि हानिकारक हुन्छ,

*त्यसैले.*

- सार्वजनिक स्थानहरूमा धूम्रपान नगरौं,
- किशोर-किशोरीहरूलाई धूम्रपानबाट टाढा राखौं,
- धूम्रपानको लतबाट मुक्त हुन आवश्यक परामर्श र सहयोग लिऔं,
- धूम्रपानरहित वातावरण सिर्जना गरौं,
- आफ्नो र परिवारको स्वास्थ्यको संरक्षण गरौं,
- धूम्रपान छोड्ने संकल्प गरौं.
- धूम्रपानविरुद्ध जनचेतना फैलाऔं र स्वस्थ समाज निर्माण गरौं ।

स्वस्थ जीवन, उज्ज्वल भविष्यको आधार ।

नेपाल सरकार
विज्ञापन बोर्ड

अब उत्कृष्ट भविष्यको रोजाई



## MIT Campus, Janakpurdham

- गुणस्तरीय शिक्षा
- अनुभवी तथा दक्ष शिक्षक टोली
- आधुनिक शिक्षण पद्धति
- अनुशासित र विद्यार्थीमैत्री वातावरण
- उत्कृष्ट नतिजासहित उज्ज्वल भविष्यको सुनिश्चितता

"आजको सही निर्णय, भोलिको सफल भविष्य"

किन रोज्ने
- SEE पछि उत्कृष्ट अध्ययनको अवसर
- विज्ञान, वाणिज्य तथा व्यवस्थापन संकायमा विशेष सफलता
- नियमित कक्षा, अतिरिक्त शैक्षिक गतिविधि र करिअर मार्गदर्शन
- प्रतिस्पर्धात्मक परीक्षाको तयारीमा विशेष ध्यान
- आधुनिक प्रयोगशाला तथा सुविधा सम्पन्न कक्षा कोठा

**Janakpurdham-4,Dhanusha Nepal**
Mob. No. 9801670856, 9801670861, 9854025907, 9844005260 Phone : 041-425035, 526377
Email: mitcampus.jnk@gmail.com Website : www.mitjnk.edu.np

विज्ञान, वाणिज्य तथा व्यवस्थापन शिक्षामा विश्वासिलो नाम

# कान्स फिल्म महोत्सव सुरु, हलिउड चमक फिका

विश्वकै प्रतिष्ठित फिल्म फेस्टिभलमध्ये एक मानिने कान्सको ७९औं संस्करण मंगलबार रातिदेखि फ्रान्समा सुरु भएको छ। यसपटक हलिउडका ठूला स्टुडियो फिल्म र चर्चित स्टारको



उपस्थिति अपेक्षाकृत कम देखिए पनि उद्घाटन समारोहमा 'लर्ड अफ द रिङ्स'का निर्देशक पिटर ज्याक्सनको उपस्थितिले माहोल तातायो ।

दक्षिण फ्रान्स पुगेका ज्याक्सनलाई उद्घाटन समारोहअघि मानार्थ पाल्मे डी'ओर प्रदान गरिएको थियो । ओपनिङ फिल्मका रूपमा सन् १९२० को पृष्ठभूमिमा आधारित फ्रेन्च रोमान्टिक कमेडी 'द इलेक्ट्रिक किस' प्रदर्शन गरिएको थियो ।

घामिलो र हावाहुरी चलिरहेको दिउँसो ज्याक्सन रेड कार्पेटमा देखिँदा वरपर सीमित मात्रामा हलिउड स्टारको उपस्थिति थियो । कार्यक्रममा डिएगो लुना, लुकास ब्राभो, टाइरिस गिब्सन लगायत कलाकार सहभागी थिए ।

यसपटकको जुरी सदस्यमा डेमी मूर, क्लोई झाओ, रुथ नेगा, स्टेलन स्कार्सगार्ड र दक्षिण कोरियाली निर्देशक पार्क चान-उक छन् । पार्क यसपटक जुरी अध्यक्ष हुन् । अघिल्लो वर्षको तुलनामा यसपटक रेड कार्पेट अपेक्षाकृत शान्त देखिएको थियो । हलिउडका ए-लिस्ट कलाकारको उपस्थिति कम हुँदा बाहिर उभिएका फोटोग्राफरको क्यामेरा लामो समयसम्म निष्क्रियजस्तै बनेका थिए ।

पहिलो दिन विवादित पात्रको उपस्थितिले भने चर्चा बटुलेको थियो । यौन दुर्व्यवहारसम्बन्धी आरोपपछि लामो समय सार्वजनिक जीवनबाट टाढा रहेका अभिनेता जेम्स फ्रान्को पनि समारोहमा देखिएका थिए । उनलाई पाले दे फेस्टिभल परिसरमा फ्यानले घेरेका थिए । उनले फ्यानसँग सेल्फी खिचे भने अभिनेता डिएगो लुनासँग छोटो कुराकानी पनि गरे ।

कालो चम्किला पहिरनमा सजिएकी अभिनेत्री जेन फोंडा पनि समारोहको आकर्षण बनेकी थिइन् । 'टाइटानिक'को प्रसिद्ध 'हार्ट अफ द ओसियन' हार झल्काउने गहनामा उनी देखिएकी थिइन् । इलाइजा उडले ज्याक्सनलाई पुरस्कार प्रदान गर्दै 'लर्ड अफ द रिङ्स' त्रयीले विश्व सिनेमा बदलिदिएको बताए । उनले न्यूजिल्यान्डमा छायांकन गरिएको उक्त श्रृंखलाले फिल्म निर्माणको नयाँ संस्कृतिको सुरुवात गरेको टिप्पणी गरे ।

पुरस्कार ग्रहण गर्दै ज्याक्सनले 'लर्ड अफ द रिङ्स' का तीनवटै फिल्म एकसाथ छायांकन गर्ने निर्णय त्यतिबेला ठूलो जोखिम भएको सम्झिए । उनले सन् २००१ मा कान्समै 'द फेलोसिप अफ द रिङ'को २० मिनेटको दृश्य प्रदर्शन भएपछि फिल्मप्रतिको विश्व धारणा बदलिएको बताए ।

यसवर्ष महोत्सव निर्देशक थिएरी फ्रेमो को नेतृत्वमा २५औँ संस्करण आयोजना भइरहेको हो । उनको कार्यकालमा कान्सले स्ट्रिमिङ प्लेटफर्मको प्रभाव, कोभिड महामारी र विश्व राजनीतिक तनावजस्ता चुनौती सामना गर्दै पनि आफूलाई विश्व सिनेमाको सबैभन्दा प्रतिष्ठित मञ्चका रूपमा जोगाइराखेको छ ।

यसपटक कान्सको माहोल केही फरक देखिएको छ । हलिउड उद्योग अहिले संक्रमणकालमा छ । स्टुडियोले महोत्सवमा ठूलो खर्च गर्न कम गरिरहेका छन् । कृत्रिम बुद्धिमत्ता अर्थात् एआईको प्रभावले सिर्जनात्मक क्षेत्रको रोजगारीमाथि चिन्ता बढेको छ । विश्वका विभिन्न भागमा युद्ध चलिरहेका छन् भने हान्ताभाइरसको त्रास पनि बढ्दो छ ।

अघिल्ला वर्षमा टम क्रुजले 'मिसन इम्पोसिबल' र 'टप गन'का सिक्वेल कान्समा प्रिमियर गरेका थिए भने ह्यारिसन फोर्डले 'इन्डियाना जोन्स एन्ड द डायल अफ डेस्टिनी' सार्वजनिक गरेका थिए । यसपटक त्यस्ता ठूला ब्लकबस्टर फिल्मको अभाव देखिएको छ ।

क्रिस्टोफर नोलन वा स्टिभन स्पिलबर्गले नयाँ फिल्म लिएर कान्स आउने अपेक्षा गरिएको थियो । तर, दुवैले सहभागिता जनाएनन् । त्यसपछि महोत्सवले पेद्रो आल्मोडोभार, पावेल पावलिकोस्की र क्रिस्टियन मुंगिउ जस्ता अन्तर्राष्ट्रिय निर्देशकका फिल्ममा बढी भर पर्नुपरेको छ ।

उद्घाटन समारोह सञ्चालन गरेकी अभिनेत्री आई हैदाराले आफ्नो सम्बोधनमा राजनीतिक संकेत पनि गरेकी थिइन् । उनले 'इन्टरनेट बन्द नगरिएका र कृत्रिम बुद्धिमत्ताले वास्तविकतालाई विस्थापित नगरेका ठाउँका सबै दर्शकलाई' स्वागत गर्दै प्रतिरोध गरिरहेकाप्रति सम्मान व्यक्त गरिन् ।

त्यसपछि बोल्दै जेन फोंडाले सिनेमा सधैं प्रतिरोधको माध्यम बनेको बताइन् । उनले कथाले सभ्यता निर्माण गर्ने, सीमान्तकृत मानिसप्रति सहानुभूति जगाउने र फरक भविष्य सम्भव छ भन्ने अनुभूति दिलाउने धारणा राखिन् । २३ मेसम्म फेस्टिभल चल्नेछ ।

# विश्वकप फाइनलमा विशेष सांगीतिक प्रस्तुति



फिफाले पहिलो पटक विश्वकप फाइनलमा हाफटाइम शो आयोजना गर्न लाग्दा उक्त कार्यक्रममा विश्वप्रसिद्ध कलाकारहरू शाकिरा, म्याडोना र केपप समूह बीटीएसले मुख्य प्रस्तुति दिने भएका छन् ।

आगामी जुन १२ देखि सुरु हुने फिफा विश्वकप फाइनल जुलाई १९ मा अमेरिकाको न्यु जर्सीस्थित मेटलाइफ स्टेडियममा हुनेछ। कार्यक्रमको क्युरेटर कोल्डप्लेका क्रिस मार्टिन हुनेछन् भने यो शो ग्लोबल सिटिजेन नामक गैर-नाफामूलक संस्थाले उत्पादन गर्नेछ। यसको उद्देश्य 'फिफा ग्लोबल सिटिजेन एजुकेसन फन्ड' मार्फत शिक्षा र फुटबल पहुँच बढाउनु रहेको बताइएको छ ।

फिफाका अनुसार, यो कोषले विश्वभरका बालबालिकाका लागि शिक्षा र फुटबल पहुँच विस्तार गर्न १०० मिलियन अमेरिकी डलर उठाउने लक्ष्य राखेको छ। साथै, २०२६ विश्वकपका प्रत्येक टिकटबाट १ डलर सोही कोषमा जानेछ ।

फिफा विश्वकप २०२६ को आधिकारिक गीत पनि शाकिराकै आवाजमा सार्वजनिक भइसकेको छ ।




## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# अन्तिम चरणको क्यान्सरमा आयुर्वेदको सहयात्रा



डा. रमेश आचार्य

अब घर लैजानुस... सायद एक-दुई महिना मात्रै बाँकी छ होला ।'

काठमाडौंस्थित त्रिभुवन शिक्षण अस्पतालमा सर्जनले भनेका यी शब्दहरू मेरो जीवनका सबैभन्दा कठोर क्षणहरूमध्ये एक थिए । म चिकित्सक भएर पनि पूर्ण रूपमा असहाय महसुस गरिरहेको थिएँ । तर त्योभन्दा बढी म त्यस्तो छोरा थिएँ, जसले आफ्नो बुवाको आँखामा अझै केही समयको जीवन देख्न चाहन्थ्यो ।

बुवाको पेटको क्यान्सर अन्तिम चरणमा थियो, तर हामीले परिवारका रूपमा उहाँलाई रोगको वास्तविक गम्भीरता कहिल्यै बताएनौं । किनभने हामीलाई लाग्यो, अन्तिम चरणको डरभन्दा पनि बाँकी समयलाई शान्त र सहज बनाउनु महत्त्वपूर्ण हो ।

शल्यक्रियाका क्रममा क्यान्सर शरीरभरि फैलिसकेको देखिएपछि अपरेसन सम्भव नभई घाउ बन्द गरेर घर फर्काइँदा हामी सबै मौन भयौं । तर त्यो मौनताभित्र एउटा ठूलो निर्णय जन्मियो– अब उपचार निको पार्ने दिशामा होइन, पीडा कम गर्ने र जीवन सहज बनाउने दिशामा हुनुपर्छ ।

त्यसताका म भारतमा अध्ययनरत थिएँ । मेरा गुरु प्रोफेसर डा. विजय चौधरीको निरन्तर मार्गदर्शन, क्लिनिकल अनुभव र क्लासिकल आयुर्वेदिक सिद्धान्तलाई आधार बनाएर हामीले बुवाका लागि एउटा आयुर्वेदिक फर्मुलेसन तयार गर्‍यौं, जसलाई हामीले सावधानीपूर्वक 'सपोर्टिभ केमोथेरापी'का केही सेल्ससँग संयोजनमा प्रयोग गर्‍यौं ।

हाम्रो उद्देश्य कहिल्यै क्यान्सर पूर्ण रूपमा निको पार्ने दाबी गरौं भन्ने थिएन । बरु एडभान्स स्टेज क्यान्सरले ल्याउने अत्यन्त गहिरो शारीरिक र मानसिक असहजता, जसलाई केवल बिरामीले मात्र पूर्ण रूपमा महसुस गर्न सक्छन्, त्यसलाई कम गर्नुमा थियो ।

किनकि यस्तो अवस्थामा बिरामीले अनुभव गर्ने दुखाइ केवल शारीरिक दुखाइ मात्र होइन, त्यो सम्पूर्ण शरीर, मन र चेतनामा फैलिएको निरन्तर असहजता हो । यसले निद्रा, भोक, मानसिक शान्ति र आत्मबल सबैलाई कमजोर बनाइदिन्छ । र, हामीले प्रयोग गरेका आयुर्वेदिक औषधिहरूले बिस्तारै त्यही स्तरमा काम गर्न थाले र दुखाइको तीव्रता घट्दै गयो ।

पाचन र भोकमा सुधार देखियो । शरीरमा असहजता केही हदसम्म कम भयो । र, सबैभन्दा महत्त्वपूर्ण कुरा उहाँको मानसिक अवस्था स्थिर हुन थाल्यो । यसले उहाँलाई फेरि सामान्य कुराकानी गर्न, मिठो मुस्कान दिन र परिवारसँग समय बिताउन सक्षम बनायो । यो कुनै पनि क्लिनिकल प्यारामिटरभन्दा धेरै मूल्यवान् थियो । त्यही समय मैले नेपाल र भारतका धेरै अङ्कोलोजिस्टहरूसँग प्रत्यक्ष समन्वय गर्ने अवसर पाएँ ।

यसले मलाई अझ स्पष्ट बनायो कि आधुनिक अङ्कोलोजी र आयुर्वेद प्रतिस्पर्धी होइनन्, बरु सहकार्य गर्न सक्ने दुई फरक तर पूरक प्रणाली हुन् । जहाँ मोडर्न अङ्कोलोजीले रोग (डिजिज) निको पार्ने प्रयास गर्छ भने आयुर्वेदले दु:ख निवारण हेरचाहमार्फत 'क्वालिटी अफ लाइफ' सुधार गर्न सक्छ ।

यो सम्पूर्ण यात्रामा मेरा गुरु र श्रीमतीको भावनात्मक साथ निकै महत्त्वपूर्ण रह्यो । किनकि यस्तो अवस्थामा चिकित्सक स्वयम् पनि भावनात्मक रूपमा प्रभावित हुन्छ तर मार्गदर्शनले निर्णयलाई स्थिर बनाउँछ । र, मेरो दाइ र आमाको भूमिका त झन् निर्णायक थियो ।

हामीले बुवालाई डर वा भविष्यवाणी कहिल्यै महसुस हुन दिएनौं । बरु उहाँलाई हरेक दिन सामान्य जीवनजस्तै अनुभव गराउने प्रयास गर्‍यौं । यसले उहाँलाई मानसिक रूपमा बलियो राख्न सहयोग गर्‍यो र अन्ततः, जहाँ एक-दुई महिना मात्रैको अनुमान गरिएको थियो, त्यसमा उहाँले झन्डै दुई वर्ष ढुक्कले र अपेक्षाकृत सहज जीवन बिताउनुभयो ।

यो अवधिमा हाम्रो अनुभवले एउटा कुरा स्पष्ट गरायो कि एडभान्स क्यान्सरमा चिकित्सा केवल रोग नियन्त्रणको कुरा होइन, बरु पीडा, मानसिक अवस्था र परिवारको सहयोगको संयुक्त परिणाम हो ।

म दैनिक रूपमा एडभान्स स्टेज क्यान्सरका बिरामीहरूसँग कहिले टेलिफोन, कहिले भिडियो कल त कहिले प्रत्यक्ष सम्पर्कमा रहने गर्छु, जहाँ धेरै बिरामीहरू अत्यन्त कठिन शारीरिक र मानसिक अवस्थाबाट गुज्रिरहेका हुन्छन् । तर त्यही पीडाको बीचमा पनि मैले बारम्बार एउटा कुरा देखेको छु– उनीहरूको आँखामा बाँकी रहेको सानो तर गहिरो आशाले उनीहरू अझै पनि केही सहजता, शान्ति र केही साथको अपेक्षा गरिरहेका हुन्छन् ।

र, यसै यात्राबाट सिकिएको सबैभन्दा ठूलो पाठ के हो भने अन्तिम चरणमा पनि आशा समाप्त हुँदैन । यसको स्वरूप मात्र बदलिन्छ । कहिले औषधिका रूपमा, कहिले परिवारको साथका रूपमा र कहिले केवल बिरामीको अनुहारमा देखिने सानो शान्त मुस्कानको रूपमा ।

# मानिससँगै बदलियो कुकुरको मस्तिष्क

मानिस र कुकुरबीचको सम्बन्ध हजारौं वर्ष पुरानो मानिन्छ ।
जंगली ब्वाँसोका सन्तान मानिने कुकुर आज मानिसको सबैभन्दा नजिकको साथीमध्ये एक बनिसकेको छ ।

घरको सुरक्षा, शिकार, पशुपालनदेखि भावनात्मक साथीसम्मका भूमिकामा कुकुरले आफूलाई ढाल्दै आएको छ । तर मानिससँग यति नजिकिँदै जाँदा कुकुरको शरीर र व्यवहारमा मात्र होइन, मस्तिष्कमै पनि ठूलो परिवर्तन आएको नयाँ अध्ययनले देखाएको छ ।

हालै रोयल सोसाइटी ओपन साइन्समा प्रकाशित एक अध्ययनअनुसार पालतु बन्ने लामो प्रक्रियामा कुकुरको मस्तिष्कको आकार झन्डै ४६ प्रतिशतसम्म घटेको पाइएको छ ।

तर अनुसन्धानकर्ताहरूले यसलाई 'बुद्धिमत्ता घट्नु'सँग भने सीधा रूपमा जोड्न नमिल्ने बताएका छन् ।

'नियोलिथिक युग' पछि देखिन थाल्यो ठूलो परिवर्तन

विज्ञानमा लामो समयदेखि एउटा प्रश्न उठ्दै आएको थियो । त्यो हो, मानिससँग बस्न थालेपछि कुकुरको सोच्ने क्षमता, व्यवहार र मस्तिष्कमा कस्तो परिवर्तन आयो ?

यही जिज्ञासाको उत्तर खोज्न फ्रान्सका वैज्ञानिकहरूले विस्तृत अनुसन्धान गरेका हुन् ।अनुसन्धान टोलीले आधुनिक कुकुर, डिङ्गो र ब्वाँसासहितको २०७ वटा खप्परको अध्ययन गरेको थियो । तीमध्ये २२ वटा प्रागैतिहासिक कालका नमुना थिए ।

अनुसन्धानकर्ताहरूले सीटी स्क्यानको प्रयोग गरेर खप्परभित्रको संरचनाको भर्चुअल प्रतिरूप तयार पारे, जसबाट मस्तिष्कको आकारबारे विश्वसनीय जानकारी प्राप्त भयो ।

अध्ययनअनुसार करिब १५ हजार वर्षअघि मानिसले कुकुरलाई पाल्तु बनाउन सुरु गरेका थिए । तर सुरुवाती चरणमा कुकुरको मस्तिष्क ब्वाँसोको जस्तै ठूलो थियो । वास्तविक परिवर्तन भने नियोलिथिक युगमा देखिन थालेको अनुसन्धानले देखाएको छ ।

नियोलिथिक युग त्यो समय थियो, जब मानिस घुमन्ते जीवन छोडेर स्थायी रूपमा खेतीपाती गर्न थालेका थिए । मानिसहरू गाउँ र बस्तीमा बस्न थालेपछि कुकुरहरूको भूमिका पनि बदलिन थाल्यो । पहिले शिकार र जंगली वातावरणमा जटिल निर्णय लिनुपर्ने कुकुरहरू बिस्तारै मानिसको वरिपरि बस्ने, बस्तीको सुरक्षा गर्ने र बाँकी खानेकुरामा निर्भर रहने अवस्थामा पुगे ।

अध्ययनकर्ताका अनुसार यही जीवनशैली परिवर्तनले कुकुरको मस्तिष्क संरचनामा असर पारेको हुन सक्छ । 'घरपालुवा बनाइनुले मूर्ख बनाउँदैन, बरू मान्छेलाई बुझ्ने क्षमतामा निपुण बनाउँछ' अध्ययनका प्रमुख लेखक थोमस चुची भन्छन्, 'आजका कुकुरहरूले आफ्नो सम्पूर्ण बुद्धिमत्ता प्रयोग गर्ने अवसर सधैं पाउँदैनन् । तर उनीहरू अत्यन्त चलाख छन् । पाल्तु बनाएका कारण उनीहरूलाई मूर्ख बनाएको होइन, बरु मानिसलाई बुझ्ने र संवाद गर्ने क्षमतामा अझ निपुण बनाएको हो ।'

वैज्ञानिकहरूका अनुसार जंगली ब्वाँसोलाई बाँच्नका लागि शिकार खोज्न, जोखिम आँकलन गर्न र समूहमा जटिल रणनीति बनाउनुपर्ने हुन्थ्यो । तर मानिससँग बस्न थालेपछि कुकुरहरूको जीवन अपेक्षाकृत सुरक्षित भयो । उनीहरूलाई खाना खोज्न वा शिकार गर्न त्यति धेरै जटिल निर्णय लिनुपरेन ।

यसको सट्टा मानिसको व्यवहार बुझ्ने, संकेत चिन्न सक्ने र सामाजिक रूपमा घुलमिल हुन सक्ने गुण बढी महत्वपूर्ण बन्न थाले । यही कारण मानिसहरूले शान्त, आज्ञाकारी र सजिलै तालिम लिन सक्ने कुकुरलाई बढी प्राथमिकता दिए ।

क्रमशः यही कृत्रिम छनोटले कुकुरको स्वभाव र मस्तिष्क दुवैमा परिवर्तन ल्याएको अध्ययनले बताएको छ ।

*मानिसको भावना बुझ्न सक्षम कुकुर*

अनुसन्धानकर्ताहरूका अनुसार उनीहरूको बुद्धिमत्ता फरक दिशामा विकास भएको छ । आजको दिनमा तुलनात्मक रूपमा कुकुर मानिसको भावनात्मक संकेत बुझ्न, अनुहारको भाव चिन्न र आदेश पालना गर्न ब्वाँसोभन्दा धेरै सक्षम मानिन्छन् ।

धेरै अध्ययनले प्रमाणित गरिसकेको छ, कुकुरले मानिसको आँखाको संकेत, औंलाले देखाएको दिशा र आवाजको भावनात्मक उतारचढाव बुझ्न सक्छन् । पब्लिक लाइब्रेरी अफ साइन्समा प्रकाशित एक अध्ययनअनुसार केही अवस्थामा त उनीहरूले मानिसको तनाव र दुःखसमेत महसुस गर्न सक्ने पुष्टि गरेको छ ।

वैज्ञानिकहरूका अनुसार यो क्षमता जंगली जीवनभन्दा फरक प्रकारको 'सामाजिक बुद्धिमत्ता' हो । अनुसन्धान टोलीले अर्को रोचक कुरा पनि औंल्याएको छ । कुकुरमा देखिएको यस्तो मस्तिष्क परिवर्तन अन्य पाल्तु जनावरमा पनि आंशिक रूपमा देखिएको छ । गाई, भेडा र सुँगुरजस्ता जनावरमा पनि पाल्तुकरणपछि मस्तिष्कको आकार केही घटेको अध्ययनमा उल्लेख छ ।

यद्यपि, मस्तिष्क सानो हुनु र बुद्धिमत्ता घट्नुबीचको सम्बन्ध अझै पूर्णरूपमा स्पष्ट भइसकेको छैन । वैज्ञानिकहरू भन्छन्, 'मस्तिष्कको आकारभन्दा पनि त्यसको संरचना, स्नायुहरुको जडान र व्यवहारिक क्षमता बढी महत्वपूर्ण हुनसक्छ ।

कुकुरहरू अहिले मान्छेको जीवनका अभिन्न हिस्सा बनिसकेका छन् । कसैका लागि उनीहरू सुरक्षाकर्मी हुन्, कसैका लागि साथी, त कसैका लागि भावनात्मक सहारा ।

विज्ञानले अहिले देखाइरहेको कुरा के हो भने मानिस र कुकुरबीचको हजारौं वर्ष लामो सहयात्राले दुवै प्रजातिलाई कुनै न कुनै रूपमा बदलिदिएको छ।

सायद यही कारण हो, आज कुकुर केवल पाल्तु जनावर मात्र होइन, मानिसको भावना बुझ्न सक्ने सबैभन्दा नजिकको जीवमध्ये एक बनेको छ ।

विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com
राष्ट्रिय दैनिक
समाचार दैनिक
जनकपुर

# मूल्यवृद्धिले निर्माण क्षेत्र संकटमा महासंघद्वारा ज्ञापनपत्र

दैनिक समाचारदाता
काठमाडौं १ जेठ । निर्माण व्यवसायी महासंघले एकीकृत पूर्वाधार विकास मन्त्रालय र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय पुगेर ज्ञापनपत्र बुझाएको छ ।

अत्याधिक मूल्यवृद्धिका कारण देशभरका सम्पूर्ण आयोजनाहरू स्वतः बन्द हुने अवस्थामा पुग्दा समेत सरकारले चासो नदिएको भन्दै महासंघका अध्यक्ष निकोलस पाण्डे नेतृत्वको टोलीले एकीकृत पूर्वाधार विकास मन्त्रालयका सचिव गोपाल सिग्देल, ऊर्जा, जलस्रोत तथा सिँचाइ सचिव सरिता दवाडीलाई ज्ञापनपत्र बुझाएको हो । महासंघका अध्यक्ष पाण्डेले निर्माण क्षेत्र होलिडेको अवस्थामा पुगेकाले सचिवहरूलाई भेटेर ज्ञापनपत्र बुझाइएको जानकारी दिए ।



उनकाअनुसार निर्माण व्यवसायीहरू मूल्यवृद्धिका कारण चरम संकटमा परेका छन् । त्यसकारण बढेको बजार भाउअनुसार ठेक्काको मूल्य पनि समायोजन गरिनुपर्छ । काम रोकिएका आयोजनाहरूको म्याद थप गरी २०८४ असारसम्म काम गर्ने वातावरण मिलाउनुपर्छ । आगामी बजेटमा आयोजनाहरूको स्पष्ट बजेट शीर्षक र भुक्तानीको व्यवस्था गरिनुपर्छ ।

आन्दोलनकै बीचमा व्यवसायीहरूमाथि भइरहेको धरपकडप्रति पनि उनले आपत्ति जनाए । अनुसन्धानको नाममा व्यवसायीलाई दुःख दिँदा लगानीको वातावरण बिग्रने उनको भनाइ छ ।

महासंघका अध्यक्ष पाण्डेले इन्धनको मूल्यवृद्धिका कारण सिमेन्ट, डन्डी, बालुवाजस्ता निर्माण सामग्रीको मूल्य बढेको र बिटुमिनलगायतको अभावका कारण निर्माण कार्यमा प्रत्यक्ष असर गरेको बताए ।

उनकाअनुसार अब सरकाारले मूल्य समायोजन निर्देशिका तत्काल ल्याउनुपर्छ, मूल्यवृद्धिका कारण परेको असरमा सहुलियत दिनुपर्ने माग सम्बोधन नभएसम्म काम अघि बढाउने स्थिति छैन ।

# समाचारपछि फिर्ता भयो योजनाको चिठी

दैनिक समाचारदाता
सर्लाही, १ जेठ । सर्लाही जिल्लामा पूर्वाधार विकास कार्यालय मलङ्गवाले बिचौलियालाई प्रदान गरेको योजनाको चिठी फिर्ता लिएर वडा कार्यालयलाई दिएको छ । 'पूर्वाधार विकास कार्यालयबाट योजना बिक्री भएको गुनासो' शीर्षकमा वैशाख २७ गते गोरखापत्र दैनिकले समाचार प्रकाशन गरेको थियो । सडक सञ्जालमा नजोडिएको लालबन्दी नगरपालिका-१४, नारायणखोलामा सडक निर्माणका लागि आएको ७५ लाख रुपियाँको योजनाको चिठी बिचौलियाले लगेको विषयमा वडाध्यक्ष छेनामसिंह घिसिङलगायत अन्य सेवाग्राहीले गुनासो गरेपछि अर्को चिठी बनाएर दिएको वडाध्यक्ष घिसिङको भनाइ छ ।

अहिले लालबन्दी-१३ र १४ को सीमा नारायणखोलास्थित नारायणदोभानमा ट्रस पुल निर्माण भइरहेको र अब मधेश प्रदेशबाट प्राप्त ७५ लाख रुपियाँबाट सडक बनाएर साबिक नारायणखोला गाविसको केन्द्र मटर दोभानसम्म सडकको ट्र्याक पुऱ्याउने लक्ष्य रहेको वडाध्यक्ष घिसिङले जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वाधार विकास कार्यालयले योजनाको चिठी दिएसँगै शुक्रबार गाउँलेको भेला गरेर उपभोक्ता समिति गठन गरी काम अघि बढाउने तयारी गरिएको छ ।

पूर्वाधार विकास कार्यालय सर्लाहीका निमित्त कार्यालय प्रमुख




गोरखापत्र दैनिकले समाचार प्रकाशित गरेको थियो ।

वैशाख २५ गते कार्यालयमा जाँदा अरूले नै योजनाको चिठी लगिसकेको भनिएकोमा बिहीबार भने आफूलाई कार्यालयमै बोलाएर अर्को चिठी दिइएको वडाध्यक्ष घिसिङले बताउनुभयो । समाचार प्रकाशित भएपछि आफूलाई कार्यालयमै बोलाएर २५/२५ लाख गरी ७५ लाखको तीन वटै योजनाको चिठी दिएर पठाइएको भन्दै वडाध्यक्ष घिसिङले खुसी व्यक्त गर्नुभयो ।

उहाँले वैशाख १५ गते नै योजनाको चिठी काटेको पाइएको बताउनुभएको छ । चिठी बुझेका बिचौलियाले यसबिचमा आफूलाई बारम्बार फोन गरेर कमिसन मागेको भए पनि आफूले अस्वीकार गरेको र समाचार प्रकाशित भएपछि बाध्य भएर कार्यालयले एवं इन्जिनियर सञ्जयकुमार यादवले आफू गएको शुक्रबार मात्र कार्यालय प्रमुखका रूपमा हाजिर भएकाले त्यसअघि के कसरी योजनाको चिठी काटिए भन्ने जानकारी नरहेको बताउनुभएको छ । यसअघि काटिएका चिठीको कार्बन कपी (ओसी) खोज्न समय लागेको उहाँको दाबी छ ।

निमित्त कार्यालय प्रमुख एवं इन्जिनियर यादवले योजना धेरै रहेका र आर्थिक वर्षको अन्तिममा बजेट आउँदा सीमित कर्मचारीबाट काम गर्न मुस्किल रहेको बताउनुभयो । पूर्वाधार विकास कार्यालय मलङ्गवामा मधेश प्रदेश सरकारका चार सयभन्दा बढी योजना छन् ।

पूर्वाधार विकास कार्यालयबाट अधिकांश योजनाको चिठी खरिदबिक्री हुने गरेको गुनासो बारम्बार सुनिने गरेको छ ।

# ७ खर्ब ५५ अर्ब पुग्यो बेरुजु

दैनिक समाचारदाता
काठमाडौं, १ जेठ । मुलुकको कुल बेरुजु ७ खर्ब ५५ अर्ब रुपैयाँ बराबर पुगेको छ । महालेखा परीक्षकको कार्यालयले शुक्रबार राष्ट्रपति रामचन्द्र पौडेल समक्ष पेस गरेको वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०८१/८२ सम्म मुलुकको कुल बेरुजु साढे ७ खर्बमाथि पुगेको हो ।

महालेखा परीक्षक तोयम रायाका अनुसार यस वर्ष कुल ९४ अर्ब ८४ अर्ब ४० करोड रुपैयाँ बराबर लेखा परीक्षण गरिएको थियो । भदौ २३ र २४ मा भएको जेनजी आन्दोलन र घटनाका कारण १ सय ७९ कार्यालय र निकायको लेखा तथा त्यससम्बन्धी स्रेस्ता पेस नभएका कारण १ खर्ब ४७ अर्ब ९० करोड रुपैयाँ बराबरको भने लेखा परीक्षण नभएको देखिएको छ ।

प्रचलित कानुन बमोजिम पुऱ्याउनु पर्ने रीत नपुऱ्याइ कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखा परीक्षण गर्दा औँल्याइएको कारोबार बेरुजु हो ।

# रौतहटमा एचआइभी सङ्क्रमितको सङ्ख्या उच्च

दैनिक समाचारदाता
रौतहट, १ जेठ । रौतहटमा एचआइभी/एड्स सङ्क्रमितको सङ्ख्या उच्च रहेको पाइएको छ । जिल्ला स्वास्थ्य कार्यालय रौतहटको तथ्याङ्कअनुसार हाल जिल्लामा चार सय २५ जनामा एचआइभी सङ्क्रमण पुष्टि भएको छ ।

उक्त सङ्ख्याका सङ्क्रमितले नियमित रूपमा एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) सेवा लिइरहेका जिल्ला स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिनुभयो । उहाँका अनुसार पछिल्लो समय वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिभन्दा जिल्लामै कार्यरत चालक, प्रहरी तथा मजदुरमा सङ्क्रमण बढी देखिएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका एआरटी अधिकारी राजकुमार साहका अनुसार जिल्लाका १८ स्थानीय तहमध्ये सबैभन्दा बढी सङ्क्रमित राजपुर नगरपालिकामा भेटिएका छन् । मुस्लिम समुदायको बाहुल्य रहेको उक्त पालिकामा ६३ जना सङ्क्रमित छन् ।




कार्यालयको तथ्याङ्कअनुसार चन्द्रपुर नगरपालिकामा ३७, गौर र इशनाथ नगरपालिकामा ३५/३५, राजदेवी नगरपालिकामा २५ तथा गुजरा, कटहरिया, देवाही गोनाही, बौधीमाई र दुर्गा भगवती नगरपालिकामा २०र२० जना सङ्क्रमित रहेका छन् । जिल्लाका सबै पालिकामा एचआइभी सङ्क्रमित भेटिएका छन् । प्रादेशिक अस्पताल गौरका डाक्टर शशी गुप्ताले एचआइभी संक्रमण असुरक्षित यौन सम्पर्क, सङ्क्रमित रगतको प्रयोग, सङ्क्रमित सुई तथा सिरिन्जको प्रयोग र सङ्क्रमित आमाबाट शिशुमा सर्न सक्ने बताउनुभयो । उहाँका अनुसार नियमित परीक्षण, समयमै उपचार, सुरक्षित यौन व्यवहार तथा कण्डमको प्रयोगबाट सङ्क्रमण नियन्त्रण गर्न सकिन्छ । संक्रमित व्यक्तिले नियमित रूपमा एआरटी सेवा लिए सामान्य जीवनयापन गर्न सक्ने उहाँले बताउनुभयो ।

एचआइभी सङ्क्रमण रोकथामका लागि सुरक्षित यौन व्यवहार तथा कण्डमको सही प्रयोग आवश्यक रहेको स्वास्थ्यकर्मी बताउँछन् । जिल्लामा कण्डम प्रयोग गर्नेको सङ्ख्या बढे पनि यसको सही प्रयोगबारे पर्याप्त जनचेतनाको अभाव रहेकाले संक्रमितको सङ्ख्यामा कमी नआएको चन्द्रपुर अस्पतालका डाक्टर सुभाष चौधरीले बताउनुभयो ।


## सडक सुरक्षा


मोबाइलमा होइन सडकमा हेरौं,
जीवन लिने दुर्घटना टारौं ।
सबैले साबधानी अपनाऔं, लापरबाही गरी ज्यानलाई जोखिममा नपारौं ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

अनलाइनमा समाचार पढ्नका लागि टाइप गर्नुस
www.esamachardainik.com

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि
सम्पर्क : इमेल : sdainik99@gmail.com, मो.नं.: ९८५४०२०९२२

अब अनलाइनबाट बुकिङ्को सुविधा
divyaclinicjanakpur.com


- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
-दखाई बिनाको सत्केरी






सम्पर्क ठेगाना

दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035, Mob. 9801674020


'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४